# बहाई धर्मः

# एक परिचय







नेपालका बहाईहरूको
राष्ट्रिय आध्यात्मिक सभा
पो.ब. नं. ११२६८
शान्तिनगर, काठमाडौं, नेपाल

फोन नं. ४-४८१७८७, ४-४७५२१२
ईमेल: bahaicen@wlink.com.np

© राष्ट्रिय आध्यात्मिक सभा

पहिलो नेपाली संस्करण
भाद्र २०६४ (अगस्त २००७)

मुद्रक: मास प्रिन्टिङ्ग प्रेस, पो.ब.नं. १२१७ काठमाडौं, फोन: ४२७०१५७

# सहकर्मीहरूप्रति

रुही पाठ्यक्रम अन्तरगत धर्मको शिक्षण नामक पुस्तक ६ ले सहभागीहरूको शिक्षण गर्ने क्षमता बढाउन मद्दत गर्दछ। शिक्षण गर्नु प्रत्येक बहाईको एउटा पवित्र कर्तव्य हो। यसले बहाउल्लाहको प्रकटीकरणलाई मानव हृदयसँग जोड्दछ र आध्यात्मिक परिवर्तनको प्रक्रियालाई गतिमान गराउँछ। यो शिक्षण सामग्री रुही पुस्तक ६ को शिक्षण कार्य भन्ने अध्याय अन्तरगतको खण्ड ६ देखि २० मा उल्लेखित विषयवस्तुहरूमा आधारित छ। हामीले धर्मको शिक्षक भएर प्रत्यक्षरूपबाट शिक्षण गर्ने प्रयास गर्दा आवश्यक पर्ने आफ्ना सीप तथा क्षमताहरूलाई बढाउनु नै यो सामग्रीको मुख्य उद्देश्य हो।

- आफ्ना साथीभाइहरूलाई बहाई धर्मबारे शिक्षण गर्दा प्रस्तुत गर्नुपर्ने धर्मका अवधारणा र जानकारीहरूमाथि यो सामग्रीले हाम्रो ध्यान केन्द्रित गर्दछ।
- यसमा केही छानिएका पवित्र लेखनीहरू समावेश गरिएका छन्, जसले गर्दा हामीले आफ्ना शिक्षण गर्ने प्रयत्नहरूमा ईश्वरका शब्दबाट शक्ति प्राप्त गर्न र बहाउल्लाहका सन्देशहरूलाई सकेसम्म विशुद्ध रूपमा प्रस्तुत गर्न सक्छौं।
- यो सामग्री यस्तो किसिमबाट बनाइएको छ कि शिक्षणको क्रममा साथीलाई चित्र देखाउँदा धर्मका अवधारणा र जानकारीहरू भएको पाना हामीले पढ्न सक्छौं।
- आफ्ना साथीभाइलाई शिक्षण गर्दा उनीहरूलाई चित्र भएको पानामा लेखिएका उद्धरण वा प्रार्थनाहरू ठूलो स्वरमा पढ्न आग्रह गर्नुपर्छ।
- एउटै भेटघाटमा सबै विषयवस्तुहरू प्रस्तुत गर्न असम्भव हुनाले टिपोट तयार पारी भेटघाटको क्रमलाई निरन्तरता दिन सकिन्छ।
- यो सामग्री रुही प्रतिष्ठानका पाठ्यसामग्रीहरू र शिक्षण अनुभवहरूको समीक्षामा आधारित छ।

यो सामग्री तयार गर्दा कुनै पनि तवरबाट सहयोग पुऱ्याउने सबैप्रति हामी धन्यवाद ज्ञापन गर्दछौं। हाम्रो सिकाइको प्रक्रियालाई अझ माथिल्लो स्तरमा पुऱ्याउन हामी तपाईंहरूको अनुभव, सल्लाह-सुझावहरूको अपेक्षा गर्दछौं।



"ईश्वरले सम्पूर्ण विश्वको
सार्वभौम उपचार र शक्तिशाली उपकरणको रूपमा
जे आदेश गरेका छन् त्यो हो यसका
समस्त मानिसहरू एउटै विश्वव्यापी धर्म र
एउटै साझा आस्थामा एकत्रित हुनु ।"

– बहाउल्लाह

# परिचय

बहाई धर्म एउटा विश्व धर्म हो । यसको **उद्देश्य** सम्पूर्ण मानवजातिलाई एउटै **विश्वव्यापी धर्म** र **साझा आस्था**मा एकजुट गर्नु हो ।

पर्सियन भाषामा **"बहाउल्लाह"** को अर्थ हुन्छ **"ईश्वरको गौरव"**। उहाँका अनुयायीहरूलाई बहाई भनिन्छ । बहाउल्लाह **सबै युगहरूका प्रतिज्ञप्त अवतार** हुनुहुन्छ भन्ने कुरामा हामी विश्वास गर्दछौं । यस धर्तीमा शान्ति र मेलमिलाप स्थापना हुनेछ र मानवजाति सुख-समृद्धिका साथ बाँच्नेछ भन्ने भविष्यको प्रतिज्ञा पूरा गर्न बहाउल्लाहले ईश्वरीय शिक्षा र मार्गनिर्देशनहरू ल्याउनुभएको छ । बहाउल्लाह आफ्ना लेखनीहरूमा भन्नुहुन्छः

**"ईश्वरले सम्पूर्ण विश्वको सार्वभौम उपचार र शक्तिशाली उपकरणको रूपमा जे आदेश गरेका छन् त्यो हो यसका समस्त मानिसहरू एउटै विश्वव्यापी धर्म र एउटै साझा आस्थामा एकत्रित हुनु ।"**



**हे मानवका पुत्र !**

**मलाई तिम्रो सृष्टि मन पऱ्यो**

**र मैले तिमीलाई सृष्टि गरें ।**

**त्यसकारण तिमीले मलाई प्रेम गर**

**ताकि म तिम्रो नाम लिन सकूँ**

**र तिम्रो आत्मामा**

**जीवन शक्ति भर्न सकूँ ।**

– बहाउल्लाह

# ईश्वर

ईश्वरको अस्तित्व अज्ञेय छ। यसको अर्थ हो हामी जतिसुकै बुद्धिमान वा ज्ञानी भए तापनि हामीले ईश्वरको सारतत्व बुझ्न सक्दैनौं। एउटा टेबुलले कहिल्यै आफूलाई बनाउने सिकर्मीको प्रकृति बुझ्न सक्दैन। त्यस्तै गरी ईश्वरद्वारा सृजित हामी मनुष्यले पनि आफ्ना सृष्टिकर्तालाई बुझ्न सक्दैनौं।

**ईश्वर सारा वस्तुहरूका सृष्टिकर्ता हुन्।** उनले पर्वत र उपत्यकाहरू, मरुभूमि र सागरहरू, मैदान, रूख र नदी-नालाहरू लगायत स्वर्ग र पृथ्वीको रचना गरेका हुन्। ईश्वरले नै जीव-जन्तुहरू सृष्टि गरेका हुन् र मानिसहरू पनि ईश्वरकै सृष्टि हुन्। बहाउल्लाहले हामीलाई भन्नुभएको छ कि प्रेम नै हाम्रो सृष्टिको मूल कारण हो। उहाँ भन्नुहुन्छः

**"हे मानवका पुत्र ! मलाई तिम्रो सृष्टि मन पऱ्यो र मैले तिमीलाई सृष्टि गरें। त्यसकारण तिमीले मलाई प्रेम गर ताकि म तिम्रो नाम लिन सकूँ र तिम्रो आत्मामा जीवन शक्ति भर्न सकूँ।"**




यो अनन्तकालस्थायी संविदा अनुसार ईश्वरले
हामीलाई कहिल्यै एक्लै र मार्गदर्शनविना छोड्दैनन् ।
त्यसैले जब मानवजाति ईश्वरबाट टाढा हुन्छ, उनका उपदेशहरूलाई
भुल्दछ र उनको सहयोगको आवश्यकता
महशुस गर्दछ, तब हामीलाई उनले आफ्नो
अवतारहरूमध्ये एकलाई पठाउँछन्, जसले हामीलाई
उनको इच्छा र उद्देश्यको जानकारी दिन्छन् ।

# संविदा

ईश्वरको अस्तित्व हाम्रो बुझाइ भन्दा धेरै टाढा भए तापनि उनको प्रेमले हाम्रो जीवन र आत्मालाई अविरल रूपमा स्पर्श गरिरहन्छ। ईश्वरको यो प्रेम उनको सदाकालस्थायी संविदाको माध्यमद्वारा हामीमा प्रवाह हुन्छ। **संविदा भनेको दुई वा धेरै व्यक्तिहरूबीच भएको सम्झौता अथवा प्रतिज्ञा हो।** यो अनन्तकालस्थायी संविदा अनुसार ईश्वरले हामीलाई कहिल्यै एक्लै र मार्गदर्शनविना छोड्नु हुन्न। त्यसैले जब मानवजाति ईश्वरबाट टाढा हुन्छ, उनका उपदेशहरूलाई भुल्दछ र उनको सहयोगको आवश्यकता महशुस गर्दछ, तब हामीलाई उनले आफ्नो अवतारहरूमध्ये एकलाई पठाउँछन्, जसले हामीलाई उनको इच्छा र उद्देश्यको जानकारी दिन्छन्।




# ईश्वरको अवतार

“अवतार” भन्ने शब्दको अर्थ हुन्छ प्रकट हुनु, पहिले थाहा नभएको कुरालाई देखाउनु । **ईश्वरका अवतारहरू भनेका त्यस्ता विशेष आत्माहरू हुन् जसले मानिस समक्ष ईश्वरका शब्द र इच्छा प्रकट गरिदिन्छन् ।** जब मानिसले उनीहरूको आवाज सुन्दछ, उसले ईश्वरको आवाजलाई सुनिरहेको हुन्छ । कृष्ण, बुद्ध, क्राइष्ट, मुहम्मद, आदि विगतका केही ईश्वरका अवतारहरू हुन् । यस युगको लागि ईश्वरका अवतार बहाउल्लाह हुनुहुन्छ ।

“ईश्वरका अवतार” को अवधारणालाई बुझ्न एउटा उदाहरण लिऔं । यो संसारमा सम्पूर्ण प्रकाश र न्यानोपनको एकमात्र श्रोत सूर्य हो र सूर्य विना यस पृथ्वीमा जीवनको अस्तित्व हुँदैन । यद्यपि सूर्य आफैं पृथ्वीमा ओर्लिदैन र हामी पनि नडढिकन र भष्म नभइकन सूर्यको नजिक पुग्न सक्दैनौं । तथापि, यदि हामीले एउटा राम्रोसँग टल्काइएको ऐनालाई सूर्यतिर फर्काएर राख्यौं भने यसमा सूर्यको पूर्ण आकृति देख्न सक्छौं । यस अर्थमा ईश्वर सूर्य जस्तै छन् र ऐना उहाँका अवतारहरू जस्तै हुन् । त्यसैले ईश्वर हाम्रो पहुँच भन्दा टाढा छन् तर अवतारहरू भने समय-समयमा हाम्रो सामु आउनुहुन्छ र हामी बीच रहनुहुन्छ, हामीलाई मार्गदर्शन दिनुहुन्छ र हामीलाई त्यस्तो शक्ति प्रदान गर्नुहुन्छ जुन हाम्रो भौतिक र आध्यात्मिक प्रगतिको लागि आवश्यक हुन्छ ।



"यो त्यही दिन हो जुन दिनमा
ईश्वरका सर्वोत्कृष्ट कृपाहरू
मानिसहरूमाथि खन्याइएको छ,
त्यो दिन जसमा
उनको शक्तिशाली अनुकम्पा सारा
सृजित वस्तुहरूमाथि बहाइएको छ ।
पृथ्वीका सारा मानिसहरूलाई
आफ्ना मतभेदहरू हटाउन र
पूर्ण एकता र शान्तिका साथ
उनको प्रेमार्द्र-दया र
सुरक्षारूपी वृक्षको छहारीमा
बस्न आदेश दिइएको छ ।"

– बहाउल्लाह

## बहाउल्लाह ( यस युगका अवतार

ऐनाहरू भिन्ना-भिन्नै देखिए तापनि ती सबैमा सूर्यको आकृति परावर्तन गर्ने समान क्षमता हुन्छ । त्यसैगरी कृष्ण, बुद्ध, क्राइष्ट, मुहम्मद र बहाउल्लाह जस्ता अवतारहरू भिन्ना-भिन्नै रूपमा प्रकट हुनुभयो, तर उहाँहरू सबै एउटै श्रोतबाट आउनुभएको हो ।

बहाउल्लाहका शिक्षाहरू अन्य अवतारहरूका शिक्षाहरूसँग पूर्णरूपले मिल्दाजुल्दा छन्, तर यी शिक्षाहरूले आजको मानवजातिको अवस्थालाई सम्बोधन गर्दछन् । यदि तपाईंले केही क्षणको लागि मानवजातिको दयनीय अवस्थाबारे मनन गर्नुभयो भने म निश्चिन्तताका साथ भन्छु कि ईश्वरको अर्को अवतार प्रकट हुने बेला भैसकेको छ भन्ने कुरा तपाईंले स्वीकार्नु हुनेछ । हामी बाँचेको दिनको बारेमा बहाउल्लाह भन्नुहुन्छः

**"यो त्यही दिन हो जुन दिनमा ईश्वरका सर्वोत्कृष्ट कृपाहरू मानिसहरूमाथि खन्याइएको छ, त्यो दिन जसमा उनको शक्तिशाली अनुकम्पा सारा सृजित वस्तुहरूमाथि बहाइएको छ । पृथ्वीका सारा मानिसहरूलाई आफ्ना मतभेदहरू हटाउन र पूर्ण एकता र शान्तिका साथ उनको प्रेमार्द्र-दया र सुरक्षारूपी वृक्षको छहारीमा बस्न आदेश दिइएको छ ।"**




# मानव एकता

बहाई धर्मको उद्देश्य मानवजातिलाई एकताको सुत्रमा बाँध्नु हो । बहाई शिक्षाहरूमा हामीलाई भनिएको छ कि **"हामी एउटै वृक्षका फलहरू र एउटै हाँगाका पातहरू हौं ।"** हामी शारीरिक र संवेगात्मक रूपमा एक अर्काभन्दा भिन्न भए तापनि, हाम्रा प्रतिभा र क्षमताहरू फरक-फरक भए तापनि हामी सबै एउटै जराबाट पलाएका हौं । हामी सबै एउटै मानव परिवारका सदस्यहरू हौं ।

मानवजातिलाई यस्तो एक विशाल बगैँचासँग तुलना गर्न सकिन्छ जहाँ हरेक रूप, रङ्ग र सुगन्ध भएका फूलहरू सँगसँगै फुल्दछन् । बगैँचाको सुन्दरता र आकर्षण त्यही विविधतामा पाइन्छ । तर दु:खको कुरा के भने कयौँ युद्धहरू लडिए, राष्ट्रहरूबीच मतभेदहरू उत्पन्न भए र मानिसहरू घृणा, अज्ञानता, पूर्वाग्रह र स्वार्थी भावनाहरूद्वारा परिचालित हुन थाले ।

बहाई समुदायमा हामीले आफ्ना सोचाइ तथा कार्यलाई यही मानव एकताको मान्यता अनुरूप ढाल्ने प्रयास गर्दछौं । हामीले आफ्ना पूर्वाग्रहहरूलाई हटाउन हर-सम्भव प्रयास गर्नु पर्दछ । अब्दुल-बहा भन्नुहुन्छः

**"जब युद्धको विचार आउँछ तब शान्तिको सशक्त विचारले त्यसलाई दबाऊ । घृणाको विचारलाई प्रेमको अति शक्तिशाली विचारले नष्ट पार्नुपर्छ ।"**



बाल्यकालदेखि नै बहाउल्लाहमा
महानताका संकेतहरू देखापर्न थाले।
उहाँलाई कहिल्यै विद्यालय जानु पर्ने
आवश्यकता परेन किनभने ईश्वरको कृपाद्वारा
उहाँ अन्तरनिहित ज्ञान सम्पन्न हुनुहुन्थ्यो।
बहाउल्लाह एक कुलीन परिवारको सदस्य हुनुहुन्थ्यो।
जब उहाँ युवा अवस्थामा हुनुहुन्थ्यो, उहाँलाई राजाको दरबारमा
एक उच्च पद प्रदान गरियो, तर उहाँले यो अस्वीकार गर्नुभयो।

# बहाउल्लाहको जीवन

बहाउल्लाह सन् १८१७ मा इरानको राजधानी तेहरानमा जन्मनु भएको थियो। बाल्यकालदेखि नै बहाउल्लाहमा महानताका संकेतहरू देखापर्न थाले। उहाँलाई कहिल्यै विद्यालय जानु पर्ने आवश्यकता परेन किनभने ईश्वरको कृपाद्वारा उहाँ अन्तरनिहित ज्ञान सम्पन्न हुनुहुन्थ्यो। बहाउल्लाह एक कुलीन परिवारको सदस्य हुनुहुन्थ्यो। जब उहाँ युवा अवस्थामा हुनुहुन्थ्यो, उहाँलाई राजाको दरबारमा एक उच्च पद प्रदान गरियो, तर उहाँले यो अस्वीकार गर्नुभयो। उहाँले आफ्नो सम्पूर्ण समय उत्पीडित, विरामी र गरीबहरूलाई मद्दत गर्न र धर्म तथा न्यायको रक्षाको निम्ति समर्पित गर्न चाहनुभयो। यो बहाउल्लाहको मानवताप्रतिको प्रेम थियो। समस्त मानवजातिलाई उहाँले यसरी सम्बोधन गर्नुभएको छ:

**"हे मित्र! तिम्रा हृदयको बगैंचामा अरू केही होइन प्रेमको गुलाब मात्र रोप, र स्नेह एवं चाहनाको कोकिललाई नछोड। न्यायपरायणहरूको संगत गर, र अनीश्वरवादीसितको मित्रता छोड।"**

# अति महान् कारागार

अक्का



**"तिम्रा दिनहरूमा मेरा दिनहरूको र**
**यस दुर्गम कैदखानाको मेरो निर्वासन र**
**त्यहाँ मैले पाएका दुःख सास्तीहरूलाई स्मरण गर।**
**अनि मेरो प्रेममा तिमी यति दृढ बन कि**
**तिमीमाथि शत्रुहरूको तरवार बर्सेतापनि**
**तथा स्वर्ग एवं पृथ्वी सबै तिम्रा विरुद्ध आइलागेतापनि**
**तिम्रो हृदयमा शंका उत्पन्न नहोस्।"**

**- बहाउल्लाह**

# बहाउल्लाहका दुःख कष्टहरू

खासगरी म बहाउल्लाहको जीवनका दुई पक्षहरू व्यक्त गर्न चाहन्छु:

१. **धर्मका विरोधीहरूको हातबाट बहाउल्लाहले सहनुभएको दुःख-कष्ट।**
२. **उहाँले मानिसहरूको हृदय र मस्तिष्कमा पार्नु भएको गहिरो प्रभाव।**

बहाउल्लाहले प्रभु धर्मको धोषणा गर्ने वित्तिकै उहाँका दुःख-कष्टहरू शुरु भए। उहाँलाई कठोर यातना दिइयो, कैदमा राखियो र निर्वासन गरियो। उहाँलाई सिक्रीमा जकडेर तेहरानको एउटा अन्धकारमय काल कोठरीमा ४ महिनासम्म राखियो। एक देशबाट अर्को देशमा गर्दै चारपटकसम्म उहाँलाई निर्वासन गरियो र अन्त्यमा अक्का शहरको कारागार पठाइयो। त्यस समय अक्काको कारागार एकदमै भयानक थियो। त्यहाँ बस्दा बहाउल्लाहले भोग्नुपरेका दुःख-कष्टहरू यति कठोर थिए कि उहाँले त्यस कारागारलाई **"अति महान् कारागार"** को संज्ञा दिनुभयो। उहाँले एउटा धर्मपत्रमा भन्नुभएको छ:

**"तिम्रा दिनहरूमा मेरा दिनहरूको र यस दुर्गम कैदखानाको मेरो निर्वासन र त्यहाँ मैले पाएका दुःख सास्तीहरूलाई स्मरण गर। अनि मेरो प्रेममा तिमी यति दृढ बन कि तिमीमाथि शत्रुहरूको तरवार बर्सेतापनि तथा स्वर्ग एवं पृथ्वी सबै तिम्रा विरुद्ध आइलागेतापनि तिम्रो हृदयमा शंका उत्पन्न नहोस्।"**



**निरन्तर यातनाको बाबजुद पनि बहाउल्लाहले चालीस बर्षभन्दा बढी समयसम्म ईश्वरका शब्दहरू प्रकट गरिरहनु भयो र यो संसारमा यति धेरै प्रेम र आध्यात्मिक शक्ति छर्नुभयो कि उहाँको धर्मको अन्तिम विजय सुनिश्चित भयो ।**

# बहाउल्लाहको विजयी

बहाउल्लाह र उहाँका शिक्षाहरूको विरोध गर्न इरानका राजा र अटोमन सम्राटका दुई शक्तिशाली साम्राज्यहरूले हरसंभव प्रयास गरे । तिनीहरू यो नयाँ धर्मलाई नष्ट गर्न चाहन्थे । तर सत्यताको प्रकाश सजिलैसँग निभ्दैन, बरु उक्त आगोको ज्वालालाई निभाउन खन्याइएको पानी तेलमा परिणत हुन्छ र आगो अझ तीव्रताकासाथ बल्दछ । बहाउल्लाहको बढ्दो प्रभाव केही गर्दा पनि रोकिएन । अधिकारीहरूले उहाँलाई जति-जति टाढा निर्वासन गरे त्यति नै बढी संख्यामा मानिसहरू उहाँको शिक्षाप्रति आकर्षित भए र उहाँको सामर्थ्य र महिमा पहिचान गरे । निरन्तर यातनाको बाबजुद पनि बहाउल्लाहले चालीस बर्षभन्दा बढी समयसम्म ईश्वरका शब्दहरू प्रकट गरिरहनु भयो र यो संसारमा यति धेरै प्रेम र आध्यात्मिक शक्ति छर्नुभयो कि उहाँको धर्मको अन्तिम विजय सुनिश्चित भयो ।

# बहाउल्लाहको समाधि

बाहजी



"महिमाका अवतार, अनन्तताका सम्राट,
स्वर्ग र पृथ्वीमा भएका सबै
वस्तुहरूका मालिक !"

# बहाउल्लाहको स्वर्गारोहण

सन् १८९२ मा बहाउल्लाहको स्वर्गारोहण भयो। उहाँको समाधि अक्काको शहर नजिकै अवस्थित छ, जसलाई बहाईहरू संसारको अति पवित्र स्थल मान्दछन्।

बहाउल्लाहले आफ्ना पीडाहरूको बारेमा लेख्नुभएको छः

**"आफ्नो बन्धनबाट मानवजाति मुक्त होस् भनेर प्राचीन सौन्दर्यले आफू साङ्गलोमा बाँधिन स्वीकार गरेका छन् र समस्त संसारले साँचो स्वतन्त्रता प्राप्त गरोस् भनेर आफू सबभन्दा बलियो भ्यालखानामा थुनिन मानेका छन्। धर्तीका सबै मानिसले स्थायी आनन्द प्राप्त गर्न सकून् र खुशीले मस्त होउन् भनेर उनी आफैले विषादको प्यालालाई आखिरी थोपासम्म रित्याएका छन्। यो पनि तिम्रा प्रभु, करुणामय र अत्यन्त कृपालुको नै कृपा हो। हे ईश्वरको एकतामा विश्वास गर्नेहरू ! तिमीहरू सम्मानित हुन सकौला भनेर हामीले अपमानित हुन मानेका छौं र तिमीहरू समृद्ध होऔला, फलौला-फुलौला भनेर हामीले हरेक किसिमका दुःख-कष्ट भेलेका छौं। जो सारा संसारको नव-निर्माण गर्न आएको छ, हेर त, उसैलाई ईश्वरका भागीदार भनाउँदाहरूले नै कसरी त्यो अत्यन्त निर्जन शहरमा बस्न बाध्य गराएका छन् !"**



**बहाउल्लाहको आगमनको उद्घोषण गर्न एक ईश्वरीय अवतारको अवतरण भएको थियो। उहाँको नाम "बाब" थियो जसको अर्थ हो "द्वार"। बाब ईश्वरको ज्ञान र मानव अस्तित्वको नयाँ युगको द्वार हुनुहुन्थ्यो। उहाँले ईश्वरको नयाँ अवतार प्रकट हुने समय नजिकदैं छ भनेर लगातार ६ बर्षसम्म शिक्षा दिनुभयो र प्रभुको आगमनको निम्ति मार्ग तयार पार्नुभयो। उहाँले मानव हृदयलाई शुद्ध पार्न शिक्षा दिनुभयो ताकि उनीहरूले प्रतिज्ञप्त अवतार प्रकट हुँदा उहाँलाई पहिचान गर्न सकून्।**

# महात्मा बाबको स्थान

"बाब" बहाई धर्मको अर्का केन्द्रिय विभूति हुनुहुन्छ। ईश्वरको अवतारको आगमन हुनु पूर्व सधैं एकजना दूत आएर उहाँको आगमनको घोषणा गर्ने गर्दछन्। उदाहरणका लागि, क्राईष्टले आफूलाई चिनाउनु अघि "जोन द व्याप्टिस्ट" नामक व्यक्तिले मानिसहरूलाई ईसामसीह अवतरण हुन लागेको कुरा घोषणा गरेका थिए। त्यसैगरी बहाउल्लाहले आफ्नो कार्यको घोषणा गर्नुभन्दा केही बर्ष अघि ईश्वरले उहाँको आगमनको उद्घोषण गर्न एक विशेष अवतारलाई पठाउनु भएको थियो। उहाँको नाम "बाब" थियो जसको अर्थ हो "द्वार"। बाब ईश्वरको ज्ञान र मानव अस्तित्वको नयाँ युगको द्वार हुनुहुन्थ्यो। उहाँले ईश्वरको नयाँ अवतार प्रकट हुने समय नजिकदैं छ भनेर लगातार ६ बर्षसम्म शिक्षा दिनुभयो र प्रभुको आगमनको निम्ति मार्ग तयार पार्नुभयो। उहाँले मानव हृदयलाई शुद्ध पार्न शिक्षा दिनुभयो ताकि उनीहरूले प्रतिज्ञप्त अवतार प्रकट हुँदा उहाँलाई पहिचान गर्न सकून्।



"के सङ्कटहरूको निवारण गर्ने ईश्वर बाहेक अन्य कोही छ ? भन:
ईश्वर कै स्तुति होस् ! उनी नै परमात्मा हुन् !
सबै उनका सेवक हुन् तथा
सबै उनकै आज्ञापालनमा अटल छन् ।"

"भन: ईश्वर सर्वोपरि छन् र
सारा वस्तुहरू भन्दा पर्याप्त छन् ।
स्वर्गलोक र पृथ्वीतलमा भएको कुनै पनि वस्तु
उनीविना अपूर्ण छ । निश्चय नै, उनी स्वयं ज्ञाता,
पालनहारा तथा सर्व-शक्तिमान् छन् ।"

– बाब

# महात्मा बाबको जीवन

हजारौं-हजार मानिसहरूले बाबको सन्देशलाई स्वीकारे र उहाँका उपदेशहरूलाई अनुशरण गर्न थाले । तर इरानको सरकार र अधिकांश मानिसहरूमाथि हैकम चलाउने शक्तिशाली मुल्लाहरूले उहाँको कडा विरोध गरे । उहाँका अनुयायीहरूलाई यातना दिइयो र धेरैलाई मारियो पनि । सरकारको आदेश अनुसार ७५० सैनिकहरूको एक दस्ताले बाब स्वयंलाई ३१ वर्षको उमेरमा खुला चोकमा गोली हानेर शहीद बनायो ।

बाबका शब्दहरू कति मार्मिक छन् भन्ने देखाउन म तपाईंका लागि उहाँका दुईवटा प्रार्थनाहरू पढेर सुनाउन चाहन्छु:

**"के सङ्कटहरूको निवारण गर्ने ईश्वर बाहेक अन्य कोही छ ? भन: ईश्वर कै स्तुति होस् ! उनी नै परमात्मा हुन् ! सबै उनका सेवक हुन् तथा सबै उनकै आज्ञापालनमा अटल छन् ।"**

**"भन: ईश्वर सर्वोपरि छन् र सारा वस्तुहरू भन्दा पर्याप्त छन् । स्वर्गलोक र पृथ्वीतलमा भएको कुनै पनि वस्तु उनीविना अपूर्ण छ । निश्चय नै, उनी स्वयं ज्ञाता, पालनहारा तथा सर्व-शक्तिमान् छन् ।"**

# बाबको समाधि

माउन्ट कार्मेल, हाइफा, इजरायल



हे कार्मेल, जायनलाई हाँक लगाऊ र आनन्ददायी समाचारहरू सुनाऊः जो नश्वर आँखाहरूबाट लुकेका थिए, उनको आगमन भएको छ ! उनको सर्व-विजयी सार्वभौमसत्ता स्थापित भइसकेको छ; उनको सर्वव्यापी प्रतापलाई प्रकट गराइएको छ ।

# महात्मा बाबको समाधि

बाबलाई शहीद बनाइएपछि उहाँको पार्थिव शरीरलाई शहरको प्रवेशद्वार बाहिर फ्याँकियो । उहाँका अनुयायीहरूले उहाँको अवशेषलाई आफ्नो नियन्त्रणमा लिए र धर्मका शत्रुहरूबाट सधैं लुकाउँदै एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गर्दै अन्तिममा त्यसलाई पवित्रभूमि स्थित कार्मेल पर्वतमा पुऱ्याए ।

कार्मेल पर्वतको बारेमा बहाउल्लाह भन्नुहुन्छः

**"हे कार्मेल, जायनलाई हाँक लगाऊ र आनन्ददायी समाचारहरू सुनाऊः जो नश्वर आँखाहरूबाट लुकेका थिए उनको आगमन भएको छ ! उनको सर्व-विजयी सार्वभौमसत्ता स्थापित भइसकेको छ; उनको सर्वव्यापी प्रतापलाई प्रकट गराइएको छ । होश गर, नत्र हिचकिचाउला अनि रोकियौला । स्वर्गबाट अवतरित भएको ईश्वरको शहर परिक्रमा गर्न हतार गर, त्यो स्वर्गिक कावा (परम पवित्र स्थल) जसको वरिपरि ईश्वरका प्रियपात्रहरू, निर्मल हृदय भएकाहरू र परम पूजनीय देवदूतहरू श्रद्धाभक्तिका साथ परिक्रमा गर्दछन् । अहो ! यो प्रकटीकरणका आनन्ददायी समाचारहरू पृथ्वीको सतहमा भएको प्रत्येक स्थानमा घोषणा गर्ने र यसका हरेक शहरमा पुऱ्याउने मेरो कत्रो ठूलो धोको छ - यो त्यो प्रकटीकरण हो जसप्रति साईनाईको हृदय आकर्षित भएको छ, र जसको नाममा बलिरहेको झाडीले सारा देवताहरूका स्वामी ईश्वर नै पृथ्वी र स्वर्गका सम्पूर्ण लोकहरूका मालिक हुन् भनिरहेको छ ।"**

# बहाउल्लाहको संविदा



"हामीले हाम्रो अति पवित्र पुस्तकमा प्रकट गरेको कुरालाई सम्झः 'जब मेरो उपस्थितिरूपी महासागरको ज्वार घट्छ र मेरो प्रकटीकरणको पुस्तक समाप्त हुन्छ, तब जसलाई ईश्वरले लक्षित गर्नुहुन्छ र जो यस प्राचीन वृक्षको हाँगा हुनुहुन्छ, उहाँतिर आफ्नो अनुहार फर्काउनू ।' यो पवित्र लेखनीको उद्देश्य अरू कोही नभएर अति सशक्त हाँगा 'अब्दुल-बहा' हुनुहुन्छ ।"

– बहाउल्लाह

# बहाउल्लाहको संविदा

धेरैजसो धर्महरूमा ईश्वरका अवतारको स्वर्गारोहणपछि उहाँका अनुयायीहरूबीच समन्वय हुँदैन र त्यसको परिणामस्वरूप धर्म विभिन्न सम्प्रदायहरूमा विभाजन हुन्छ । अलौकिक सामर्थ्य अथवा संविदाको शक्ति प्रदान गरेर बहाउल्लाहले उहाँको धर्मलाई यस्तो विभाजनबाट बचाउनु भएको छ । बहाउल्लाहले आफ्नो लेखनीमा स्पष्ट शब्दहरूमा भन्नुभएको छ कि आफ्नो स्वर्गारोहणपछि सम्पूर्ण बहाईहरू अब्दुल-बहातिर फर्कनुपर्छ र उहाँको मार्गदर्शन अनुसार चल्नुपर्छ । अब्दुल-बहा उहाँको जेठो छोरा हुनुहुन्छ जसलाई उहाँको शब्दहरूको व्याख्याकार र संविदाको केन्द्र भनिन्छ । अब्दुल-बहाको पालन-पोषण र शिक्षा-दिक्षा स्वयं बहाउल्लाहबाट भएको थियो । बाल्यकालमा नै उहाँ आफ्नो पिताको महान् दैवीय पद चिन्न सफल हुनुभएको थियो र उहाँ बहाउल्लाहका अनगिन्ती दु:ख र पीडाहरूमा सहयात्री पनि बनिरहनु भयो ।

# अब्दुल(बहा



**संविदाको केन्द्र,**
**बहाउल्लाहका लेखनीहरूको**
**व्याख्याकार**

## अब्दुल(बहाको जीवन

सन् १८४४ मा बाबले आफ्नो महान् कार्यको घोषणा गर्नुभए कै रात अब्दुल-बहाको जन्म भएको थियो र ७७ बर्षको उमेरमा सन् १९२१ को नोभेम्बरमा उहाँको स्वर्गारोहण भयो। बहाउल्लाह आफैले अब्दुल-बहालाई एउटा सच्चा बहाईमा हुनुपर्ने सम्पूर्ण गुणहरू सम्पन्न गराउन शिक्षा-दीक्षा दिनुभयो। अब्दुल-बहा मानवताको लागि प्रदान गरिएको अति बहुमूल्य उपहार र सम्पूर्ण बहाईहरूका लागि उत्कृष्ट उदाहरण हुनुहुन्छ। हामीले अब्दुल-बहाबाट प्रेम, दयालुपन, धैर्यता जस्ता आध्यात्मिक गुणहरू सिक्दछौं जुन सम्पूर्ण मानवजातिमा विद्यमान होस् भन्ने बहाउल्लाह चाहनुहुन्छ।

बहाउल्लाहको स्वर्गारोहण पश्चात बहाई समुदाय प्रतिको उत्तरदायित्व अब्दुल-बहाको काँधमा आयो र उहाँले धर्मलाई पूर्व र पश्चिमसम्म फैलाउन दिन-रात परिश्रम गर्नुभयो। उहाँले व्यक्ति र समुदायहरूका लागि हजारौं धर्मपत्रहरू लेख्नुभयो र आफ्ना पिताको शिक्षालाई स्पष्ट पार्नुभयो। उहाँका व्याख्याहरू आज बहाई धर्मका लेखनीहरूको महत्वपूर्ण अंश बनेका छन्।

अब्दुल-बहालाई बहाउल्लाहको संविधाको केन्द्रको रूपमा स्थापित गरेर संसारका बहाईहरू आफ्नो बहाई जीवन यापन गर्ने प्रयत्नमा र नयाँ सभ्यताको सृजना गर्ने काममा एकजुट भएका छन्।





बहाउल्लाह भन्नुहुन्छ
कि उहाँका नियमहरू "मेरा सेवकहरूका बीचमा
मेरो प्रेमपूर्ण विधिका दीपकहरू र मेरो सृष्टिको लागि
मेरो कृपाको कुञ्जी हुन् ... मेरो सौन्दर्यताको
प्रेमको खातिर मेरा आज्ञाहरू पालन गर ।"



# बहाई नियमहरू

प्रत्येक ईश्वरावतारले हामीलाई सही मार्गमा डोऱ्याउन मानवजातिका लागि नियम र आज्ञाहरू ल्याउनुहुन्छ । केही यस्ता नियम र आज्ञाहरू अपरिवर्तनीय हुन्छन् भने केही मानिसहरूको उन्नति र विकास हुँदै जाँदा परिवर्तन हुन्छन् । तर बहाई धर्ममा हामीले यसलाई गर्न हुने वा नहुने नियमहरूको सङ्गालोको रूपमा लिनु हुँदैन । बहाउल्लाहले हामीलाई भन्नुहुन्छ कि उहाँका नियमहरू **"मेरा सेवकहरूका बीचमा मेरो प्रेमपूर्ण विधिका दीपकहरू र मेरो सृष्टिको लागि मेरो कृपाको कुञ्जी हुन् ।"** हामीले दैवी सजायँको भयले गर्दा यी नियमहरूलाई पालन गर्ने होइन किनकि उहाँले आफ्नो अति पवित्र पुस्तकमा स्पष्ट रूपमा भन्नुभएको छः **"मेरो सौन्दर्यताको प्रेमको खातिर मेरा आज्ञाहरू पालन गर ।"**

यी अवधारणाहरूलाई अझ राम्ररी बुझ्न हामी बहाई नियमहरूका केही उदाहरणहरूलाई हेर्न सक्छौं ।



**प्रार्थना ईश्वरसँगको वार्तालाप हो ।**
**यदि एउटा व्यक्ति अर्को व्यक्तिलाई प्रेम गर्छ भने उसको उत्कट चाहना त्यो प्रेम गरिएको व्यक्तिसँग वार्तालाप गर्ने र उसको नजिकै बस्ने हुन्छ ।**

# प्रार्थना

भौतिक संसारमा मानिसहरूले प्रत्येक दिन खाना खानुपर्छ । यो मानव शरीरको आवश्यकता हो; यदि हामीले खाएनौं भने हामी बिरामी पर्छौं र अन्तमा मर्नेछौं । त्यसर्थ हामी भन्न सक्छौं कि खाना खानु भौतिक जीवनको नियम हो जसको पालना हामी सबैले गर्नै पर्छ ।

ठीक यस्तै प्रकारले बहाउल्लाहका आज्ञाहरूमध्ये एउटा यो हो कि हामीले हरेक दिन प्रार्थना गर्नु पर्दछ । हाम्रो शरीर जस्तै हाम्रो आत्मालाई निरन्तर भोजन चाहिन्छ र प्रार्थनाले आध्यात्मिक विकासको लागि पोषण उपलब्ध गराउँछ । प्रार्थना गर्नाले ईश्वरले मानिसको परिश्रमलाई आशीर्वाद दिनुहुन्छ र उसलाई सबै कुरामा मद्दत गर्नुहुन्छ । बाब, बहाउल्लाह र अब्दुल-बहाद्वारा प्रकटित थुप्रै मनमोहक प्रार्थनाहरू छन् जुन हामी एक्लै भएको बेला र सभा वा भेलामा पनि वाचन गर्न सक्छौं । यस्ता प्रार्थनाहरूमध्ये केही विशेष र केही अनिवार्य छन् ।

**प्रार्थना ईश्वरसँगको वार्तालाप हो ।** यदि एउटा व्यक्ति अर्को व्यक्तिलाई प्रेम गर्छ भने उसको उत्कट चाहना त्यो प्रेम गरिएको व्यक्तिसँग वार्तालाप गर्ने र उसको नजिकै बस्ने हुन्छ । त्यसकारण एउटा बहाईले ईश्वरप्रतिको आफ्नो प्रेमको चिन्ह स्वरूप उनैसँग वार्तालाप गर्न चाहन्छ, अर्को शब्दमा भन्ने हो भने हरेक दिन प्रार्थना गर्न चाहन्छ ।



## अनिवार्य प्रार्थना

"म साक्षी दिन्छु, हे मेरा ईश्वर,
कि तिमीलाई चिन्न तथा तिम्रो पूजा गर्न
तिमीले मलाई उत्पन्न गर्‍यौ ।
म अहिले यो स्वीकार गर्दछु कि
म अशक्त छु, तिमी सर्व-शक्तिमान् छौ,
म दरिद्र छु, तिमी सर्व-सम्पन्न छौ ।

आत्म-परिपूर्ण र संकटमा तारणहारा
परमात्मा तिमीबाहेक अन्य कोही छैन ।"

- बहाउल्लाह

# अनिवार्य प्रार्थना

बहाईहरूले प्रत्येक दिन एउटा अनिवार्य प्रार्थना मध्यान्ह र सूर्यास्तको बीचमा वाचन गर्दछन् । त्यो प्रार्थना यस्तो छः

**"म साक्षी दिन्छु, हे मेरा ईश्वर, कि तिमीलाई चिन्न तथा तिम्रो पूजा गर्न तिमीले मलाई उत्पन्न गर्‍यौ । म अहिले यो स्वीकार गर्दछु कि म अशक्त छु, तिमी सर्व-शक्तिमान् छौ, म दरिद्र छु, तिमी सर्व-सम्पन्न छौ ।**

**आत्म-परिपूर्ण र संकटमा तारणहारा परमात्मा तिमीबाहेक अन्य कोही छैन ।"**




**यदि हामीले कसैको दशवटा राम्रा गुणहरू र एउटा दोष देख्यौं भने हामी ती दशवटा गुणहरूमा केन्द्रित हुनुपर्छ र यदि कुनै मानिसको दशवटा दोषहरू र एउटा मात्र राम्रो गुण छ भने पनि हामी त्यही एउटा गुणमा नै केन्द्रित हुनु पर्दछ ।**

# परनिन्दा र दोषारोपण

बहाउल्लाहले अर्काको कुरा काट्ने प्रवृत्ति र झुठो अभियोग लगाउने काम निषेध गर्नुभएको छ। तपाईंले यस विषयमा ध्यान दिएर सोच्नुभयो भने यो अति महत्वपूर्ण कुरा हो भन्ने बुझ्नु हुनेछ किनभने एकताको सबैभन्दा ठूलो शत्रु भनेको नै अरूको कुरा काट्ने प्रवृत्ति हो । प्रत्येकले अरूका कमी कमजोरीहरूमाथि मात्र चासो राखेर त्यसलाई बारम्बार कोट्याई रहँदा ती दोषहरू झन् ठूला देखिन्छन्। अब्दुल-बहाले हामीलाई यसको ठीक विपरीत गर्न भन्नुभएको छ। यदि हामीले कसैको दशवटा राम्रा गुणहरू र एउटा दोष देख्यौं भने हामी ती दशवटा गुणहरूमा केन्द्रित हुनुपर्छ र यदि कुनै मानिसको दशवटा दोषहरू र एउटा मात्र राम्रो गुण छ भने पनि हामी त्यही एउटा गुणमा नै केन्द्रित हुनु पर्दछ ।




# खराब कुरा नसुन, खराब कुरा नहेर

बहाउल्लाह भन्नुहुन्छः

**“हे मेरा सिंहासनका सहगामी हो !**
**खराब कुरा नसुन, खराब कुरा नहेर, आफूलाई नीच नबनाऊ, न थकित होऊ न त रोऊ । अपशब्द नबोल ताकि तिमीप्रति अर्काले अपशब्द बोलेको तिमीले सुन्न नपरोस् । अर्काको दोषको बढाई चढाई नगर, जसबाट कि तिम्रा आफ्नै दोष ठूलो देखिन नपाउन् । कसैको पतनको इच्छा नगर जसले गर्दा तिम्रो पतन प्रकाशमा नआओस् । आफ्नो जीवनका दिनहरू जुन क्षणिक निमेष जस्ता छन्, तिनमा निष्कलङ्क मनले, राग रहित हृदयले, शुद्ध विचारले र पवित्र स्वभावले बाँच, त्यसपछि मात्र स्वतन्त्र र सन्तुष्ट भएर यो मरणशील शरीरलाई त्याग गर्न सक्नेछौ र गूढ स्वर्गतिर प्रस्थान गरेर सदा सर्वदा स्थायी साम्राज्यमा रहन सक्नेछौ ।”**

हे आत्माका पुत्र !

मैले तिमीलाई सम्पन्न रूपमा
सृष्टि गरेको छु, तिमी आफैले
आफूलाई दारिद्र्यमा किन खसाल्छौ ?
तिमीलाई मैले उच्च बनाएको छु,
किन तिमी आफूलाई पतित गराउँछौ ?
ज्ञानको सार झिकेर तिमीलाई
मैले आत्मा दिएँ, फेरि मबाहेक
अरूबाट किन ज्ञान खोज्छौ ?
मैले प्रेमको माटोले तिमीलाई निर्माण गरें,
फेरि तिमी किन अरूसित व्यस्त छौ ?
आफ्ना आँखाले आफैभित्र हेर त
तिमी मलाई तिमीभित्रै महान्,
शक्तिशाली र आफैमा पूर्ण भएर
उभिरहेको पाउने छौ ।

– बहाउल्लाह

# लागू औषधि र मादक पदार्थको निषेध

मादक पदार्थको सेवन गर्नु वास्तवमै एउटा सबैभन्दा ठूलो सामाजिक रोग हो, जुन आज संसारमा विद्यमान छ। यो हिंसाका कारणहरूमध्ये एक हो र यसले एउटा स्वस्थ पारिवारिक जीवनलाई समेत नष्ट गर्दछ। ईश्वरले हामीलाई एउटा विशेष उपहार दिनुभएको छ जसले मानिसहरूलाई जनावरहरूको स्तरबाट माथि उठाउँछ; त्यो उपहार हो विवेक। जब हामी रक्सी पिउँछौं तब विवेक गुमाउछौं, हामी जनावर सरह बन्छौं र कहिलेकाहीँ त हामी आफ्नै साथीलाई समेत मार्न पछि पर्दैनौं। मानवजातिको सृष्टि वास्तवमै आदर्श प्राणीको रूपमा गरिएको छ, तर पिउने बानीले भने उनीहरूलाई अत्यन्तै लाजमर्दो कार्य गर्न समेत बाध्य गराउँछ। बहाउल्लाह भन्नुहुन्छः

**"हे आत्माका पुत्र !**
**मैले तिमीलाई सम्पन्न रूपमा सृष्टि गरेको छु, तिमी आफैले आफूलाई दारिद्र्यमा किन खसाल्छौ ? तिमीलाई मैले उच्च बनाएको छु, किन तिमी आफूलाई पतित गराउँछौ ? ज्ञानको सार झिकेर तिमीलाई मैले आत्मा दिएँ, फेरि मबाहेक अरूबाट किन ज्ञान खोज्छौ ? मैले प्रेमको माटोले तिमीलाई निर्माण गरें, फेरि तिमी किन अरूसित व्यस्त छौ ? आफ्ना आँखाले आफैभित्र हेर त तिमीले मलाई तिमीभित्रै महान्, शक्तिशाली र आफैमा पूर्ण भएर उभिरहेको पाउने छौ ।"**

"...ईश्वरका प्रियपात्रहरू र
उनका सेविकाहरूले केटाकेटीहरूलाई
आफ्नो तनमन लगाएर प्रशिक्षित गर्नुपर्छ
र सद्‌गुण र पूर्णताको पाठशालामा तिनीहरूलाई
शिक्षा दिनुपर्छ। यस कुरामा उनीहरूले कत्तिपनि
हेलचेक्र्याइ गर्नु हुँदैन, न त असक्षम नै हुनु हुन्छ।



साँच्चै, एउटा शिशुलाई अज्ञानतामा हुर्कन दिनुभन्दा
ऊ नबाँच्नु नै बेश हुन्छ किनभने त्यो निर्दोष बच्चा
ठूलो भएर अनगिन्ति दोषहरूले गर्दा दु:खी हुनेछ,
ईश्वरद्वारा नै उसका कार्यहरूमाथि प्रश्न उठाइने
छ र ऊ स्वयं समाजद्वारा तिरस्कृत हुनु
पर्नेछ। हरे! यो कस्तो पाप होला
र कस्तो अपशकुन!"

# बाल(बालिकाहरूको शिक्षा

बहाउल्लाहका उपदेशहरूमध्ये अर्को एक हो बाल-बालिकाहरूको लागि शिक्षा। हामी विश्वास गर्छौं कि बाल-बालिकाहरूलाई शिक्षा दिनु अविभावक र समाजको अनिवार्य कर्तव्य हो। बाल-बालिकाहरूलाई आध्यात्मिक शिक्षाको साथै भौतिक शिक्षा पनि दिनुपर्छ। बहाउल्लाह भन्नुहुन्छ: आमाबुबाको कर्तव्य भनेको छोराछोरीहरूले आध्यात्मिक गुणहरू आर्जन गर्नुका साथै उपलब्धिमूलक जीवनयापनका लागि चाहिने आवश्यक ज्ञान र सीपको विकास गर्न सकून् भन्ने कुरा सुनिश्चित गर्नु हो।

अब्दुल-बहाले भन्नुभएको छ:

**"...ईश्वरका प्रियपात्रहरू र उनका सेविकाहरूले केटाकेटीहरूलाई आफ्नो तनमन लगाएर प्रशिक्षित गर्नुपर्छ र सद्‌गुण र पूर्णताको पाठशालामा तिनीहरूलाई शिक्षा दिनुपर्छ। यस कुरामा उनीहरूले कत्तिपनि हेलचेक्र्याइ गर्नु हुँदैन, न त असक्षम नै हुनु हुन्छ। साँच्चै, एउटा शिशुलाई अज्ञानतामा हुर्कन दिनुभन्दा ऊ नबाँच्नु नै बेश हुन्छ किनभने त्यो निर्दोष बच्चा ठूलो भएर अनगिन्ति दोषहरूले गर्दा दु:खी हुनेछ, ईश्वरद्वारा नै उसका कार्यहरूमाथि प्रश्न उठाइने छ र ऊ स्वयं समाजद्वारा तिरस्कृत हुनु पर्नेछ। हरे! यो कस्तो पाप होला र कस्तो अपशकुन!"**



बहाईहरूको
कार्य भनेको
नयाँ विश्व सभ्यताको
निर्माण गर्नु हो ।

# बहाईको कार्य

बहाई धर्म केवल राम्रा आदर्शहरूको संग्रह मात्र नभएर एउटा स्वतन्त्र विश्व धर्म हो । वास्तवमा यो एउटा ज्यादै संगठित धर्म हो जसको एकमात्र उद्देश्य सम्पूर्ण मानवजातिलाई एकताको सुत्रमा आबद्ध गर्नु बाहेक अन्य कुनै छैन । त्यसैले बहाईहरूको महत्वपूर्ण कार्य भनेको नयाँ विश्व सभ्यताको निर्माण गर्नु हो । विश्व न्याय गृहले हामीलाई भन्नुहुन्छ कि यो कार्यमा अति धेरै महत्वपूर्ण भूमिका भएका निम्नलिखित तीन किसिमका सहभागीहरू छन्:

१. **व्यक्ति**
२. **समुदाय**
३. **धर्मका संस्थाहरू**



**हाम्रो आध्यात्मिक उन्नतिकालागि हामीले काम गर्नुपर्छ, मानवजातिको सेवा गर्नुपर्छ र हामीले प्राप्त गरेको ज्ञान अरूसँग बाँड्नुपर्छ ।**

# व्यक्ति

प्रत्येक अनुयायीको मुख्य कर्तव्य **संविधामा दृढ रहनु, बहाउल्लाहको शिक्षा अनुसार आफ्नो जीवन यापन गर्न हरदम प्रयत्न गर्नु र मानवजातिको सेवा गर्नु** हो । उ यो कुराप्रति सधैं सचेत हुनुपर्छ कि **जीवनको अन्त्य मृत्युसँगै हुँदैन र ईश्वरसँगको हाम्रो सम्बन्ध अनन्त हुन्छ** ।

मृत्यु पश्चात हाम्रो आत्मा मुक्त हुन्छ र अनन्तकालसम्म ईश्वरतर्फ अगाडि बढिरहन्छ । यस धर्तीमा हाम्रो जीवन धेरै हदसम्म आमाको गर्भमा रहेको एक शिशुको जीवन जस्तै छ । जसरी गर्भभित्र ९ महिनासम्म बच्चाका अङ्गप्रत्यङ्गहरू - आँखा, कान, हात, आदिको विकास हुन्छन् र बच्चाको जन्मपछि तिनीहरूको प्रयोग हुन्छन्, त्यसैगरी हामीले यहाँ त्यस्ता आध्यात्मिक क्षमताहरूको विकास गर्छौं जुन हामीलाई ईश्वरको अन्य लोकहरूमा अघि बढ्नको लागि आवश्यक हुन्छन् । हामीले आफ्नो आध्यात्मिक विकास गर्नको लागि केवल यसबारे सोचेरमात्र पुग्दैन, हामीले कर्म गर्नुपर्छ, मानवजातिको सेवा गर्नुपर्छ र आफूले प्राप्त गरेको ज्ञान अरूसँग बाँड्नु पर्दछ ।



"हे आत्माका पुत्र !
उज्ज्वल र आनन्ददायी समाचारहरूले
म तिम्रो स्वागत गर्छु: आनन्द मनाऊ !
पवित्र दरबारमा म तिमीलाई बोलाउँछु;
त्यहीँ बस ताकि तिमी सदैव शान्तिमा रहन सक्नेछौ ।"

"मृत्युले प्रत्येक सच्चा अनुयायीलाई
त्यस्तो पेय दिन्छ जुन वास्तवमा जीवन नै हो ।
यसले आनन्द दिन्छ र यो प्रसन्नताको संवाहक हो ।
यसले अनन्त जीवनको उपहार दिन्छ ।"

– बहाउल्लाह

# मृत्युपछिको जीवन

बहाईहरू यो विश्वास गर्दछन् कि हामीले यही जीवनमा सबै सद्‌गुणहरू आर्जन गर्नुपर्छ र आफ्नो आत्माको तयारी गर्नुपर्छ ताकि मृत्युपछि हामी ईश्वरको नजिक पुग्न सकौं ।

आउनोस् हामी उदाहरणको लागि पिँजडामा कैद गरेको एउटा चरोलाई लिऔं। चरोको खाने र हुर्कने काम पिँजडाभित्रै हुन्छ। एकदिन पिँजडा मक्केर भाँचिन्छ र चरो उड्नका लागि स्वतन्त्र हुन्छ। यदि त्यसका पखेटाहरू बलिया छन् भने ऊ आफूले कहिल्यै नसोचेका ठाउँहरूसम्म पुग्न सक्छ। हामी पनि चरा जस्तै हौं। हाम्रो शरीर एउटा पिँजडा जस्तै हो जुन अन्त्यमा नाश हुन्छ। मृत्युपछि हाम्रो शरीर यहीँ रहन्छ र नष्ट हुन्छ भने आत्मा अलौकिक संसारमा प्रवेश गर्छ। यसमा हामी के देख्दछौं भने मृत्यु न विस्मृति हो न त सजायँ, तैपनि आफ्नो प्रियजन गुमाउँदा जो कोही पनि दुःखी हुनु स्वाभाविकै हो। जब मानिस ईश्वरप्रति सचेत हुन्छ र उहाँका शिक्षाहरू अनुसरण गर्दछ, तब मृत्यु पश्चात उसको आत्मा ईश्वरको नजिक पुग्न सफल हुन्छ। यदि ईश्वरका आज्ञाहरू अनुसार उसले जीवन यापन गरेको छैन भने ऊ निश्चय नै ईश्वरको सामिप्यबाट टाढा हुन्छ। ईश्वरको नजिक हुने व्यक्ति स्वर्गमा बस्छ भने ईश्वरबाट टाढा हुने चाहिँ अन्धकार र ठूलो पश्चातापमा (नर्कमा) पर्छ। बहाउल्लाह भन्नुहुन्छ:

**"हे आत्माका पुत्र ! उज्ज्वल र आनन्ददायी समाचारहरूले म तिम्रो स्वागत गर्छु: आनन्द मनाऊ ! पवित्र दरबारमा म तिमीलाई बोलाउँछु; त्यहीँ बस ताकि तिमी सदैव शान्तिमा रहन सक्नेछौ ।"**

**"मृत्युले प्रत्येक सच्चा अनुयायीलाई त्यस्तो पेय दिन्छ जुन वास्तवमा जीवन नै हो । यसले आनन्द दिन्छ र यो प्रसन्नताको संवाहक हो । यसले अनन्त जीवनको उपहार दिन्छ ।"**



"सर्वोच्च परमेश्वरका लेखनीले आदेश दिएको छ र प्रभुधर्मको शिक्षण गर्ने काम प्रत्येकको निम्ति अनिवार्य बनाएको छ... । जसले आफूलाई प्रभुबाहेक अन्य सबैबाट निर्लिप्त राख्दछ, उसलाई ईश्वरले प्रेरित गर्नेछन् र उसको हृदयबाट पवित्र जलरूपी सद्वाणी प्रचुर मात्रामा बहाउन मद्दत गर्नेछन् । निश्चय नै, सर्वकृपालु प्रभुले जे चाहन्छन् त्यही गर्न सक्षम छन् र आफूलाई जे इच्छा लाग्छ त्यही निर्दिष्ट गर्दछन् ।"

– बहाउल्लाह

# शिक्षण

बहाईहरूलाई आफ्नो धर्मले दिएको अर्को सौभाग्य हो **बहाउल्लाह र उहाँका शिक्षाहरूबारे** अरूलाई बताउनु । उनीहरूले कुनै विषेश प्रकारको स्कूलमा अध्ययन गर्नुपर्ने आवश्यकता छैन । प्रत्येकले आफ्नो क्षमता अनुसार परिवार र साथीसंगीहरूसँग बहाउल्लाह र उहाँका शिक्षाहरूबारे बताउँछन् । बहाउल्लाहले भन्नुभएको छः

**"सर्वोच्च परमेश्वरका लेखनीले आदेश दिएको छ र प्रभुधर्मको शिक्षण गर्ने काम प्रत्येकको निम्ति अनिवार्य बनाएको छ... । जसले आफूलाई प्रभुबाहेक अन्य सबैबाट निर्लिप्त राख्दछ, उसलाई ईश्वरले प्रेरित गर्नेछन् र उसको हृदयबाट पवित्र जलरूपी सद्वाणी प्रचुर मात्रामा बहाउन मद्दत गर्नेछन् । निश्चय नै, सर्वकृपालु प्रभुले जे चाहन्छन् त्यही गर्न सक्षम छन् र आफूलाई जे इच्छा लाग्छ त्यही निर्दिष्ट गर्दछन् ।**

**यदि तिमीले यो संसारबारे सोच्यौ र यहाँका वस्तुहरू कति क्षणभंगुर छन् भन्ने महसुस गर्‍यौ भने तिमीले प्रभुधर्मको सेवा गर्ने बाहेक अरू कुनैपनि मार्ग रोज्दैनौं । सारा मानिसहरू तिम्रो विरोधमा उठेता पनि तिमीलाई प्रभुको स्तुति गर्नबाट रोक्न सक्ने कसैको सामर्थ्य हुँदैन ।"**





**बहाई विश्व समुदाय निरन्तर फैलिरहेको छ र
यसले हरेक धर्म, जाति र राष्ट्रियता प्रतिनिधित्व गर्ने मानिसहरूलाई
आकर्षित गरिरहेको छ ।**

# समुदाय

मनुष्यको जन्म एक्लै बस्नको लागि भएको होइन । हामी समुदायमा बस्दछौं र हामीहरूले नयाँ सभ्यता निर्माण गर्न मिलीजुली काम गर्नु पर्दछ । हाम्रो सबभन्दा नजिकको समुदाय भनेको स्थानीय समुदाय हो जुन हाम्रा गाउँ वा शहरमा बस्ने बहाईहरूद्वारा बनेको हुन्छ । स्थानीय समुदायमा नै हामीले एक अर्कालाई सहयोग गर्न, सँगसँगै हातेमालो गरेर अगाडि बढ्न र एकतामा आबद्ध हुन सिक्दछौं । स्थानीय समुदायको सदस्य हुनुको अतिरिक्त हामी त्यस्ता राष्ट्रिय समुदाय र विश्वव्यापी बहाई समुदायहरूको सदस्य पनि हौं जुन निरन्तर फैलिरहेको छ र जसले हरेक धर्म, जाति र राष्ट्रियता प्रतिनिधित्व गर्ने मानिसहरूलाई आकर्षित गरिरहेको छ ।



**विश्व न्याय गृह बहाईहरूको सर्वोच्च संस्था हो । हरेक देशमा बहाईहरूले वर्षमा एक पटक राष्ट्रिय आध्यात्मिक सभा र प्रत्येक स्थानीय तहमा स्थानीय आध्यात्मिक सभाको निर्वाचन गर्दछन् । बहाई धर्ममा पूजारीहरू नहुने भएकाले स्थानीय आध्यात्मिक सभाले नै समुदायका सम्पूर्ण क्रियाकलापहरूलाई निर्देशित गर्दछ र प्रत्येक अनुयायीको भलाइ सुनिश्चित गर्दछ ।**

# धर्मका संस्थाहरू

बहाई धर्ममा बहाउल्लाहले एउटा छुट्टै प्रशासनिक व्यवस्था प्रकट गर्नुभएको छ । विगतका अन्य धर्महरूमा ईश्वरका अवतारहरूले आफ्ना अनुयायीहरूलाई कसरी संगठित हुनुपर्छ भनेर ज्यादै थोरै प्रकट गरेका थिए । तर बहाउल्लाहले हामीलाई कस्ता संस्थाहरू बनाउनु पर्छ, तिनीहरूले कसरी काम गर्छन् र मानवजातिलाई कसरी संगठित गर्नुपर्छ भनी विस्तृत रूपबाट मार्गदर्शन दिनुभएको छ ।

विश्व न्याय गृह बहाईहरूको सर्वोच्च संस्था हो । हरेक देशमा बहाईहरूले वर्षमा एक पटक राष्ट्रिय आध्यात्मिक सभा र प्रत्येक स्थानीय तहमा स्थानीय आध्यात्मिक सभाको निर्वाचन गर्दछन् । बहाई धर्ममा पूजारीहरू नहुने भएकाले स्थानीय आध्यात्मिक सभाले नै समुदायका सम्पूर्ण क्रियाकलापहरूलाई निर्देशित गर्दछ र प्रत्येक अनुयायीको भलाइ सुनिश्चित गर्दछ । प्रार्थनामय वातावरणमा समुदायका सम्पूर्ण प्रौढ (२१ बर्ष पुगेका) अनुयायीहरूको गोप्य मतदानद्वारा निर्वाचित ९ जना सदस्यहरूबाट स्थानीय आध्यात्मिक सभा बन्दछ । आध्यात्मिक सभाहरू बहाईहरूका लागि अत्यन्तै महत्वपूर्ण हुन्छन् । हामीले यिनीहरूद्वारा नै मानव क्रियाकलापहरूलाई कसरी व्यवस्थित गर्ने र समाजमा **बहाउल्लाहको विश्व व्यवस्था**को रूपमा चिनिने एउटा नयाँ विश्व व्यवस्था कसरी स्थापना गर्न सकिन्छ भन्ने कुरा सिक्दछौं ।



"उनीहरूले आफू बहाई भएको दाबी केवल नामले मात्र नभएर कर्महरूले पुष्टि गर्नु पर्दछ। ऊ एक सच्चा बहाई हो जो मानव अस्तित्वभन्दा उच्च पथमा प्रगति एवं उन्नति गर्न दिनरात प्रयत्न गर्दछ, जसको उत्कट चाहना यस्तो प्रकारले जीवन यापन गर्नु हो जसबाट सम्पूर्ण विश्व प्रज्ज्वलित र समृद्ध होस्, जसको जीवनको उद्देश्य त्यस्तो किसिमको व्यवहार गर्नु हो जुन अनन्त प्रगतिको कारक बनोस्। जब उसले त्यस्ता पूर्ण गुणहरू प्राप्त गर्दछ, तब मात्र ऊ एक सच्चा बहाई हो भन्न सकिन्छ।"

# उपसंहार

बहाई धर्मको बारेमा गरिएको यो एउटा संक्षिप्त विवरण हो। बहाई धर्मलाई ग्रहण गर्नका लागि कुनै विषेश प्रकारको रीतिरीवाजलाई अंगाल्नु जरुरी छैन। तर के आवश्यक छ भनेबहाउल्लाह यस युगका लागि ईश्वरका अवतार हुनुहुन्छ र उहाँले ईश्वरका वाणी र मार्गदर्शन प्रकट गर्नुभएको छ भन्ने कुरालाई हृदयदेखि नै स्वीकार गर्नु पर्दछ। बहाउल्लाहलाई स्वीकारे पछि एउटा बहाईले विवेकपूर्वक उहाँका शिक्षाहरूलाई आफ्नो जीवनमा उतार्न शुरु गर्दछ र बहाई धर्मको ज्ञान वृद्धि गर्न दिनरात प्रयत्न गर्दछ भन्ने कुरा बुझ्नु अत्यन्त जरुरी छ। यस सम्बन्धमा अब्दुल-बहा भन्नुहुन्छः

**"उनीहरूले आफू बहाई भएको दाबी केवल नामले मात्र नभएर कर्महरूले पुष्टि गर्नु पर्दछ। ऊ एक सच्चा बहाई हो जो मानव अस्तित्वभन्दा उच्च पथमा प्रगति एवं उन्नति गर्न दिनरात प्रयत्न गर्दछ, जसको उत्कट चाहना यस्तो प्रकारले जीवन यापन गर्नु हो जसबाट सम्पूर्ण विश्व प्रज्ज्वलित र समृद्ध होस्, जसको जीवनको उद्देश्य त्यस्तो किसिमको व्यवहार गर्नु हो जुन अनन्त प्रगतिको कारक बनोस्। जब उसले त्यस्ता पूर्ण गुणहरू प्राप्त गर्दछ, तब मात्र ऊ एक सच्चा बहाई हो भन्न सकिन्छ।"**




# आध्यात्मिक प्रगतिको लागि प्रार्थना

"हे ईश्वर ! मेरो आत्मालाई नवजीवन देऊ र प्रफुल्लित पार । मेरो हृदयलाई चोखो पार । मेरा शक्तिहरूलाई तेजिलो बनाई देऊ । म आफ्ना सबै कारोबारहरूलाई तिम्रो हातमा समर्पित गर्दछु । तिमी नै मेरा मार्गदर्शक र मेरा आश्रय हौ । म अब दुःखी र सन्तप्त रहँदिन, म एउटा प्रसन्न र आनन्दित जीव बन्नेछु । हे ईश्वर ! अब म चिन्तित रहने छैन, न त आफूलाई कष्टले सताउन दिनेछु । म जीवनका अप्रिय कुराहरूमा ध्यान दिने छैन ।

हे ईश्वर ! तिमी मेरो जति मित्र छौ त्यति म आफूसित पनि छैन । म आफूलाई तिमीमा नै समर्पित गर्दछु, हे प्रभु !"



"ईश्वरको न्यायपरायणताको सपथ ! आजको दिनमा
जो कोहीले आफ्नो मुख खोल्दछ र प्रभुको नाम
उच्चारण गर्दछ, ऊ माथि सर्वज्ञ, सर्व-बुद्धिमान्,
मेरो नामको स्वर्गबाट दैवी प्रेरणाको वर्षा हुन्छ ।
बैकुण्ठ निवासीहरूपनि प्रत्येकले आफ्नो हातमा
विशुद्ध प्रकाशको मसाल बोकेर उसलाई मद्दत गर्नेछन् ।
यसरी नै सर्व-गौरवमय, सर्व-शक्तिशाली प्रभुको
आदेशद्वारा ईश्वरको प्रकटीकरणको लोकमा
यो पहिले नै निर्धारित गरिएको हुन्छ ।"

– बहाउल्लाह